नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १६ २०७९ साल साउन १९ गते बिहीबार (4 Aug 2022 Thursxday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पुरानै धारमा सोभिभयो कोसी, ३ पृष्ठमा : प्रहरी समायोजन नभए संघीय ... ३ पृष्ठमा'अमेरिकाले ताइवानको साथ..

# "बेटी पढाऊ बेटी बचाऊ" अभियान अन्तरगत साइकल खरीद प्रकरणमा १० करोड भन्दा बढी भ्रष्टाचार




**दैनिक समाचारदाता**
**काठमाडौं, १८ साउन ।**

मधेश प्रदेशको बहुचर्चित "बेटी पढाऊ बेटी बचाऊ" अभियान अन्तरगत छात्राहरुका लागि खरीद गरि वितरण गरिएको साइकलमा १० करोड ३३ लाख ७ सय ५८ रुपैयाँ भ्रष्टाचार भएको भन्दै अख्तियारले विशेष अदालतमा बुधबार मुद्दा दायर गरेको छ ।

भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधामका तत्कालीन प्रदेश सचिव याम प्रसाद भुसाल, सिडिई भगवान झा, सहलेखापाल राजाराम मण्डल, ओम सत्य साई प्रालि वीरगन्जमा रेनु अग्रवालसहित ६ जना तथा बोलपत्र मूल्यांकन समितिका पदाधिकारी र चार जना सदस्य गरी १० जनाविरुद्ध अख्तियारले बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

तत्कालीन प्रदेश नम्बर २ को मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ कार्यक्रममा अनियमितता भएको, साइकलको कम्पनी नखुलाई साइकल किनी ३ महिनादेखि गोदाममा राखिएको भन्ने उजुरीका सम्बन्धमा अख्तियारले लामो अनुसन्धान गर्दा भ्रष्टाचार भएको निष्कर्ष निकालिएको हो ।

साइकल खरिद प्रकृया सुरु गर्दादेखि भुक्तानी कार्य गर्दासम्म संलग्न कर्मचारीहरु र साइकल आपूर्तिकर्ताले संघ र प्रदेश सरकारलाई बदनियतपूर्वक हिनामिना एवं हानी नोक्सानी गरेको पाइएकाले सजाय र बिगो बमोजिमको जरिवाना मागदाबी लिई मुद्दा दायर भएको अख्तियारको भनाइ छ ।

तत्कालीन प्रदेश सचिव भुसालको हकमा १० करोड ३३ लाख ७५८ रुपैयाँ बिगोसहित कैद सजाय माग गरिएको छ । भुसालले प्रमाणित गरेको भण्डार दाखिला प्रतिवेदन गलत तवरबाट तयार गरिएको देखिएकोले निजले

*बाँकी तीन पृष्ठमा*

# कोशीको बाढीले विद्यालय र स्वास्थ्य चौकी कटान गर्न थाल्यो



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सप्तकोशी नदीमा आएको बाढीले छिमेकी जिल्ला उदयपुरको अस्थायी बाँध टुटेपछि सप्तरीको सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका स्थानीय त्रासमा छन् ।

पहाडी क्षेत्रमा अविरल वर्षा संगै आएको बाढीले बुधवार विहान उदयपुरको बेलका नगरपालिकास्थित अस्थायी बाँध सप्तकोशी नदीको बाढीले

*बाँकी दुई पृष्ठमा*

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र ४ गते

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ।॥

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६
प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

विगत १४ वर्ष देखी संचालन हुदै आएको

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण २६ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय ....

# सर्वसम्मतीमा विकास सम्भव

कुनै पनि विकासी कार्य सुरु गर्ने विषयमा सर्वसम्मती भए त्यसले पक्कै पनि सकारात्मक परिणाम दिन्छ । कार्य भनेको जुन सुकै पनि हुन सक्छ । चाहे त्यो विकासको सन्दर्भमा होस् वा समाज सुधारको विषयमा वा शिक्षा दिने लगायतमा । यस्ता कार्य गर्नु पूर्व त्यसबारे बिस्तृत अध्ययन तथा सरोकारवाला निकायसँग परामर्श लिएर सुरुवात गर्न सके पक्कै पनि त्यो सफल हुन्छ । नेपालकै पुरानो मध्ये एक नगरपालिका राजविराज अहिले कार्य क्षमता, दक्षता तथा पहलकर्ताको अभावमा पछाडी पर्दै गएको छ । अहिले विकासको ममलामा केही फड्को मारेपनि खासै उपलब्धी हासिल गर्न सकेको छैन् । हाल यहाँको बाटोघाटो, भौतिक पूर्वाधार, अव्यवस्थित बसोवास लगायतमा केही सुधार भएको छ । तर ती सबै कार्यहरु अहिले निर्माणाधीन नै रहेको छ ।

विगतको तुलनामा यहाँ थोरै भएपनि विकास भएको कुरामा दुइमत नहोला । तर, अन्य नगरको तुलनामा उक्त विकास ज्यादै न्युन छ । राजविराज भन्दा कान्छा नगरपालिकाहरु अहिले विकासको मामलामा निकै अगाडी बढीसकेका छन् । सप्तरीकै सप्तकोशी नगरपालिका बाटोघाटो निर्माणमा धेरै अगाडी छ । त्यस्तै कंचनरुप अगाडी बढ्ने क्रममा रहेको छ । त्यस्तै छिमेकी जिल्लाको लहान नगरपालिका राजविराजको तुलनामा धेरै अगाडी छ । गोलबजार पनि विकासको सन्दर्भमा अगाडी बढिरहेको छ । सुनसरीको इनरुवा नगरपालिका पनि बाटोघाटोको मामलामा निकै अगाडी छ । इटहरीमा त विकासको ओइरो लागेको छ । यी सबै नगरपालिकाहरु राजविराज भन्दा निकै कान्छा हो ।

यसरी हेर्दा राजविराज समय, परिस्थिति तथा उचित पहलका कारण पछाडी पर्दैआएको छ । विकास भनेको चौतर्फी प्रयासले हुने विषय हो । एकतर्फी निर्णयले हुँदैन् । एकलौटी निर्णय गरेर विकास कहिले हुँदैन् । यसका लागि सम्पूर्ण जनताको भवनालाई कदर गरि अगाडी बढेमा विकासमा कुनै वाधा अवरोध आउँदैन् । तसर्थ विकासका लागि सबै एकजुट हुनु आवश्यक छ भने सरोकारवाला निकाय पनि पारदर्शि हुनु उत्तिकै आवश्यक छ । अनिमात्र विकासले फड्को मार्ने निश्चित छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पुरानै धारमा सोझियो कोसी, प्रभावितको उद्धार हुँदै

**नारायण ढुङ्गाना**

काठमाडौँ, १८ साउन (रासस) ।

तीन दशकपछि सप्तकोसी नदीले आफ्नो पुरानै धार सोझ्याउँदा उदयपुरको बेलका नगरपालिका र सप्तरीका केही क्षेत्र प्रभावित हुन पुगेको छ ।

विगत केही दिनदेखि पूर्वकेन्द्रित मौसम बदलीका कारण भारी वर्षापछि कोसी नदीमा आएको बाढी बुधबार बिहान ४ बजेदेखि उदयपुरको बेलका नगरपालिकाबाट बस्ती छिरेको हो । बेलका नगरपालिका-८ को डुम्रीबोट र लाहुरे खोच हुँदै कोसीले बस्तीतर्फको बाटो सोझ्यायो । पैँतालीस सालअघि अहिले खोलेको घाँटीबाटै बग्थ्यो कोसी । स्थानीय भन्छन्- “हिजो बाटो बिराएको भन्नु कि पुरानै बाटो पहिल्याएको ? बुधबार आँगनमै बग्यो कोसी अब हाम्रो हालत के हुने हो ?”

यसरी ३४ वर्षपछि कोसीले पुरानै धार सोझ्याएको छ । स्थानीयको स्मरणमा २०४५ सालको भूकम्पपछि कोसीले बाटो बिराएर आफ्नो धार अन्यत्रै सोझ्याएको थियो । त्यसपछि त्यस्तै २०५०/५२ सालतिरबाट त्यस क्षेत्रमा बस्ती बस्न सुरु भएको थियो । अहिले त्यहाँ भरिभराउ घर छन् । यहाँको जनसङ्ख्या १८ हजारभन्दा बढी पुगिसकेको छ । अब अहिले आएर कोसीले फेरि उही पुरानो भङ्गालो पछ्यायो र बस्तीभित्रै छिर्‍यो ।

यसका कारण त्यस आसपास क्षेत्रका झण्डै दुई हजार परिवार प्रभावित हुन पुगेका छन् । प्रभावित स्थानीयको उद्धार कार्य जारी रहेको उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म करिब एक हजार परिवारलाई उद्धार गरिएको छ ।

अझै केही परिवार उद्धारको पर्खाइमा रहेका र उनीहरुको सुरक्षाकर्मी, स्थानीय तथा विभिन्न सङ्घसंस्थाको सहयोगमा उद्धार जारी रहेको उहाँले जानकारी दिनुभयो । बेलका नगरपालिकाको वडा नम्बर १, २, ८ र ९ मा कोसीको एउटा भङ्गालो पसेको छ । गत वर्ष पनि सोही क्षेत्रबाट कोसी बस्तीमा प्रवेश गर्न लागेको थियो । त्यसबेला अस्थायी तटबन्धले कोसी रोकिएको थियो तर यसपाली भने कोसी धार परिवर्नत गर्न सफल भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलका अनुसार सो क्षेत्रमा पानीको बहाव रोक्न भन्दै तीन हप्ताअघि रु २० लाख पठाएर काम गरिएको थियो । त्यहाँ बनाइएको छेकबारले केही काम गरे पनि त्यसको तल्लो भागबाट कोसी पसेको उहाँले जानकारी दिनुभयो । “विसं २०४५ अघि हिँडेको क्षेत्रबाट पुनः कोसी बगेको, त्यहाँको खेतीबाली पुरेको छ, घर पनि डुबानमा छन्, केही टापुमा मानिसहरु असुरक्षित रहेका जानकारी आएको र उद्धार जारी रहेको छ”, पोखरेलले भन्नुभयो, “उद्धार गरिएकाको आवश्यक व्यवस्थापनका लागि टेन्ट तथा अन्य बन्दोबस्तीका सामान पठाउने क्रम जारी छ ।”

बुधबार बिहान मात्रै गृहमन्त्री बालकृष्ण खाणले बस्ती स्थानान्तरदेखि उद्धार, राहत कार्य तीव्र बनाउन र आवश्यक परेमा हेलिकप्टर परिचालन गर्ने गरी तयारी अवस्थामा रहन निर्देशनसमेत दिनुभएको थियो ।

सोहीअनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था र व्यवसायीलाई समेत सहयोगका लागि आह्वान गरिसकिएको जनाइएको छ । खाद्यान्न, टेन्ट, पिउने पानीलगायत सबै व्यवस्थापनका लगि परिचालन भइसकेको पनि पोखरेलले जानकारी दिनुभयो । सुरक्षाकर्मीले र्‍याफ्टिङको सहयोगमा मानिसको उद्धार गरिरहेको छ । आवश्यकतानुसार सशस्त्र प्रहरी, सेना तथा नेपाल प्रहरी परिचालन गरिएको छ । कटान भएको क्षेत्रमा बहाव कसरी रोक्न सकिन्छ भनेर आवश्यक गृहकार्यसमेत भइरहेको पनि पोखरेलले राससलाई जानकारी दिनुभयो ।

विगत केही दिनदेखिको भारी वर्षाले नेपालका अन्य केही जिल्लासमेत प्रभावित बनाएको छ । प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले प्रभावित क्षेत्रमा उद्धार, राहत तथा बासस्थानको आवश्यक व्यवस्थापनमा समन्वयात्मक रुपमा कार्य भइरहेको जानकारी दिनुभयो । मङ्गलबार चितवनस्थित नारायणी नदीमा समेत बहाव उच्च भएको थियो । पहिरो र गेगर खसेर नारायणगढ मुग्लिन सडक पटकपटक प्रभावित भइरहेको छ । कञ्चनपुर क्षेत्रमा समेत प्रभावित भएको प्राधिकरणले जनाएको छ । डा भट्टराईका अनुसार मङ्गलबार म्याग्दीमा समेत ठूलो विपद्जन्य घटना भएको छ । त्यहाँ पाँच जनाको मृत्यु भएको थियो भने एक बेपत्ता छन् ।

बुधबार र बिहीबार पूर्वी नेपालमा वर्षा कम हुने अनुमान गरिएकाले पनि कोसीको बहाव घट्ने आशा गरिएको छ । उदयपुरका प्रजिअ वीरेन्द्रकुमार यादवले थप पानी परेन भने स्थानीयको व्यवस्थापनमा सहज हुने बताउनुभयो । उहाँका अनुसार मानवीय र पशुजन्य क्षति हुन नदिन विशेष सावधानीका साथ उद्धार कार्य चलिरहेको छ ।

केही बस्तीका स्थानीय सर्न नमानेको र त्यस क्षेत्रमा स्थानीय प्रशासन र जनप्रतिनिधि पुगेपछि सार्ने क्रम जारी रहेको जनाइएको छ । अहिले भने पानी पर्ने क्रम रोकिएकाले उद्धार कार्यमा केही सहज भएको जनाइएको छ । उता कोसीको बहाव भने घटेको छैन ।

**पश्चिम सर्दै वर्षा**

जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार बिहानबाट भने वर्षा हुने प्रणाली नेपालको पश्चिमतर्फ सरेको छ । मौसमविद् सञ्जीव अधिकारीका अनुसार उक्त प्रणाली पश्चिममा थप सक्रिय हुन थालेको छ । मनसुनको न्यून चापीय रेखा पश्चिमी भू-भागमा दक्षिणबाट उत्तरी क्षेत्रमा सरेको छ । पूर्वी क्षेत्रमा सरदर देखिन्छ ।

उक्त रेखा उत्तरतर्फ सर्नु भनेको नेपालको भू-भाग नजिक आउनु हो । यसरी उक्त रेखा नजिक अउनु भनेको त्यस क्षेत्रमा भारी वर्षा गराउने मनसुन प्रणाली सक्रिय हुनु हो । अहिले पूर्वमा सरदरमा झरेकाले वर्षा कम भएको हो ।

नेपालमा पछिल्लो पटक यही १० गतेबाट पूर्वी क्षेत्रमा उक्त न्यून चापीय रेखा सरदरस्थानमा आएको थियो । त्यसपछि उत्तर सर्दै नेपालतर्फ आयो । यसकारण साउन १२ बाट १७ गते साँझसम्म उत्तरतर्फ रहँदा नेपालको पूर्वी क्षेत्रमा बढी वर्षा मापन गरिएको थियो ।

यही वर्षाले कोसीको बहाव उच्च हुन पुग्यो । अहिले पूर्वबाट उक्त रेखा नेपालको पश्चिम क्षेत्र नजिक आएकाले त्यस क्षेत्रमा वर्षा बढी हुने अनुमान गरिएको छ ।

**मनसुन भित्रिएसँगै ३५ को मृत्यु**

गृहमन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार यो साल मनसुन सक्रिय भएदेखि (जेठ २२ पछि) विपद्जन्य घटनाबाट ३५ जनाको मृत्यु भएको छ भने तीन बेपत्ता छन् ।

विभिन्न घटनामा परेर ३९ घाइते भएका छन् । देशका ४७ जिल्लामा विपद्जन्य घटना भएको छ । त्यसबाट ८२ घर पूर्ण र ६४ घरमा आंशिक क्षति पुगेको छ । यही साउन १६ यताका दुई दिनमा विपद्बाट सात जनाको मृत्यु भएको जनाइएको छ ।

## कोशीको...

भत्काएपछि बाढी पस्ने चिन्ताले स्थानीय त्रसित भएका हुन् ।

अघिल्लो दिन मंगलवारदेखी नै कटान शूरु भई अस्थायी बाँध भत्किने अवस्थामा पुगी सकेको खबर पाई रातभर जाग्राम वसेका सप्तकोशी नगरपालिका वडा नम्बर ३, ६, ७, ८, ९ र १० कंचनरुप नगरपालिकाको वडा १, २, ४, ५, ६, १० र हनुमाननगर कंकालिनी नगरपालिका १३ का वासिन्दा बुधवार एकाविहान सो बाँधको झण्डै आधी भाग बाढीले भत्काइदिएको थाहा पाएपछि झन त्रसित भएका हुन ।

स्थानीय प्रशासनले उक्त क्षेत्र जोखिममा रहेपनि अहिलेसम्म बाढी नपसेको र कुनै क्षती न भएको जानकारी गराएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले अविरल वर्षासंगै आएको बाढीले छिमेकी जिल्ला उदयपुरको सप्तकोशी नदीको अस्थायी बाँध फुटेर उक्त जिल्लाको वेलका नगरपालिकाको २, ३, ८ र ९ वडा डुवानमा परेपनि सप्तरी तर्फ त्यस्तो अवस्था नदेखिएको जानकारी दिएका छन् ।

बाँध फुटेकाले जो सँखिममा रहेका सप्तरीको सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका केही वडाका वासिन्दालाई सर्तक रहन र तटिय क्षेत्रमा नजान सचेत गराइएको उनले जानकारी दिए ।

यता प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बाढीबाट हुने क्षती नियन्त्रणका लागी सम्बन्धित नगरपालिकाका जनप्रतिनीधी सहितको सुरक्षा निकायका प्रमुखहरुसंग बुधवार नै बैठक वसी विपद व्यवस्थापनका लाग तैयारी अवस्थामा रहेको बताए ।

उनले सम्बन्धित सबैलाई हाइअलर्ट रहन निर्देशन दिनुका साथै कटान क्षेत्रमा पुगी नियन्त्रणको प्रयास शूरु गरिसकिएको जानकारी पनि दिए ।

यसैबीच कोशी नदीको बाढीले चारैतीर कोशी नदीले घेरिएको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १३ मा पर्ने विकट गाउँ गोबरगाढास्थित आधारभुत विद्यालय र स्वास्थ्य चौकी कटान गर्न थालेको वडा अध्यक्ष कुशेश्वर यादवले जानकारी दिएका छन् ।

वर्षायाममा डुंगा प्रयोग गरी मात्र पुग्न सक्ने उक्त गाउँमा कटान शूरु भएको खबर आएपछि नियन्त्रणका लागी आवश्यक प्रयास शूरु गरिएको स्थानीय प्रशासनले जनाएको छ ।

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रहरी समायोजन नभए संघीय सरकार विरुद्ध संघर्षमा उत्रने : गृहमन्त्री साह

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ साउन ।**

मधेस प्रदेश सरकारले तत्काल प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग आग्रह गरेको छ ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले बुधबार बिहान मन्त्रालयमा पत्रकार सम्मेलन गरी एक साताभित्र प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग आग्रह गरेका हुन् ।

उनले पटक-पटक प्रहरी समायोजन गर्न केन्द्र सरकारसँग आग्रह गर्दै आएका पनि संघीय सरकारले त्यसलाई वेवास्ता गर्दै आएकोले एक सातासम्म पनि प्रहरी समायोजन नभए बाध्य भएर सङ्घी सरकार विरुद्ध सङ्घर्षमा उत्रने जानकारी दिए ।

प्रहरी समायोजनका लागि सङ्घीय सरकारलाई दबाब दिन यही साउन २२ गते प्रदेश प्रमुखमार्फत सङ्घीय सरकारलाई ज्ञापनपत्र पठाउने मन्त्री साहको भनाइ थियो ।

प्रदेशका सबै राजनीतिक दल, प्रदेशसभाका सांसद, सरकारका प्रतिनिधि समेतले प्रदेश प्रमुखमार्फत् सरकारलाई ज्ञापनपत्र पठाउने जनाउँदै मन्त्री साहले ज्ञापनपत्र पश्चात पनि प्रहरी समायोजन नभए एक सातापछि चरणबद्ध आन्दोलनमा उत्रिने बताए ।

केही साताअघि जनकपुरधाममा भएको सातै प्रदेशका गृहमन्त्रीको सामूहिक बैठकले तत्काल प्रहरी समायोजन गर्न आग्रह गरेको र मधेस प्रदेशका मुख्यमन्त्रीको नेतृत्वमा छुट्टै आग्रह गरेपनि सङ्घीय सरकार त्यसतर्फ ध्यान नदिएको गुनासो गर्नुहुँदै मन्त्री साहले संविधानले प्रदेश सरकारलाई दिएको अधिकारसमेत सङ्घीय सरकारले खोस्ने, अपव्याख्या गर्ने र आश्वासन मात्रै दिने गरेकोले बाध्य भएर प्रदेश सरकार सङ्घर्षमा उत्रिन लागेको उल्लेख गरे ।

# सप्तकोसीको बाँध फुटेपछि बराक्षेत्रका ५ सय परिवार श्रीलंका टापुमा

इनरुवा, १८ साउन (रासस) ।

उदयपुरको बेलका नगरपालिका-८ लाहुरेखोच डुम्रीबोटमा सप्तकोसी नदीको बाँध फुटेपछि सुनसरी बराहक्षेत्र नगरपालिकाका पाँच सय घरपरिवारका मानिस फसेका छन् ।

कोसी नदीको बाँध फुटेर गाउँ पस्दा बराहक्षेत्र-६ र ९ का पाँच सय घरपरिवारका दुई हजार पाँच सयजना फसेको सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो । उनीहरू श्रीलङ्का टापुमा फसेको उहाँले बताउनुभयो । त्यस क्षेत्रका स्थानीयवासीलाई स्थानान्तरण गर्ने प्रयास गरे पनि उनीहरू आउन नमानेको र फसेकाहरू सुरक्षित रहेको बताएको सुनसरीका प्रजिअ यादवले बताउनुभयो ।

यसैबीच कटान गरिएको क्षेत्रमा १ नं प्रदेशका आन्तरिक मामिलामन्त्री केदार कार्की सहितले निरीक्षण गर्नुभएको छ । मन्त्री कार्की सहितको टोलीले कटान गरिएको स्थान, प्रभावितलाई उद्धार गर्ने तयारी लगायतको विषयमा निरीक्षण तथा अनुगमन गरिएको प्रजिअ यादवले बताउनुभयो । अहिले केही बेरमा प्रदेश विपत् व्यवस्थापन समितिको बैठक बस्ने तयारी भएको उहाँले जानकारी दिनुभयो ।

बैठकले पीडितलाई तत्काल उद्धार, आवश्यक राहतको प्याकेज, स्थानान्तरण लगायतका विषयमा केन्द्रित हुने उहाँले जानकारी दिनुभयो ।

## "बेटी...

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसारको थप कसुर समेत गरेको देखिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम समेत कैद सजाय र जरिवाना गर्ने मागदाबी लिइएको छ ।

यस्तै जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय जनकपुरका तत्कालीन प्रमुख सीडीई भगवान झाले तत्कालीन मूल्यांकन समितिको सदस्य समेत रहेर फरक गुणस्तरको साइकल ल्याउनमा भूमिका खेलेको अख्तियारको भनाइ छ । उनीमाथि पनि समान १० करोड ३३ लाख ७५८ रुपैया बिगो मागदाबी गरिएको छ भने सह लेखापाल राजाराम मण्डल, भण्डार तथा जिन्सी शाखा प्रमुख राम स्वार्थ महतो,भण्डार शाखाका खरिदार जित मोहन कुमार दासमाथि पनि कैद सजाय र जरिवाना माग दावी भएको छ।

यस्तै ओम सत्य साईकी रेनु अग्रवालमाथि पनि सम्झौता अनुसारको सर्त पालना नगरी प्रदेश सरकारलाई हानी नोक्सानी पार्ने काममा भूमिका खेलेको पाइएकाले १० करोड ३३ लाख ७५८ रुपैयाँ नै मागदाबी भएको छ ।

यस्तै साइकल खरिदबारेकै अर्को मुद्दामा बोलपत्र मूल्यांकन समितिका पदाधिकारी तथा सदस्यहरु उपसचिव दिलिप कुमार प्रधान, अधिकृत सुरेन्द्र कुमार कर्ण, सहलेखापाल राजाराम मण्डलमाथि मापदण्ड नपुग्दा समेत बदनीयतपूर्ण भूमिका खेलेकाले दोषी किटान गरिएको छ । यस्तै भगवान झाले आफूसँग हुँदै नभएको अधिकार प्रयोग गरेको पाइएको अख्तियारको जिकिर रहेको रातोपाटी डटकमले जनाएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### 'अमेरिकाले ताइवानको साथ छाड्ने छैन'

ताइपेई, १८ साउन (रासस/एपी) ।

अमेरिकी सदनकी सभामुख न्यान्सी पेलोसीले आफ्नो देशले ताइवानको साथ नछाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । चीनको चेतावनीलाई वेवास्ता गर्दै गए राति यहाँ आउनु भएकी उहाँले ताइवानी नेतासँग बुधबार भएको भेटमा उहाँले ताइवानप्रतिको प्रतिबद्धता अमेरिकाले त्याग्न नसक्ने बताउनुभयो ।

राष्ट्रपति साई इङ्ग-वेनसँगको भेटमा वर्तमान विश्वले लोकतन्त्र र निरङ्कुशतामध्ये एउटालाई रोज्नुपर्ने परिस्थितिको सामना गरिरहेको बताउँदै उहाँले विश्वभरि लोकतन्त्रको प्रवर्द्धनका निम्ति अमेरिका दृढ रहेको उल्लेख गर्नुभयो । अमेरिका र चीनबीच तनाव बढेका बेला २५ वर्षको अन्तरालमा ताइवान भ्रमण गर्ने उहाँ उच्च अमेरिकी अधिकारी हुनुहुन्छ ।

राष्ट्रपति साईले सभामुख पेलोसीले ताइवान भ्रमण गर्नुभएकामा आभार व्यक्त गर्नुभयो । उहाँले सभामुख पेलोसी ताइपइमा अवतरण गरेपछि मुख्यभूमि चीनबाट भएका सैन्य अभ्यास अनावश्यक प्रतिक्रिया भएका टिप्पणी गर्नुभयो ।

कम्युनिस्ट शासित चीनले ताइवानलाई आफ्नो क्षेत्र मानेको छभने आवश्यक परेमा बल प्रयोग गरेर उक्त टापुलाई पुनःदाबी गर्न सक्ने बताएको छ । अमेरिकाले पनि 'एक चीन' नीति पालना गर्दै आएको छ । उसले बेइजिङलाई चीनको सरकारको रूपमा मान्यता पनि दिएको छ । साथै ताइवानसँग अनौपचारिक रक्षा सम्बन्ध र अन्य अमेरिकाले कायम नै राखेको छ ।

### मङ्कीपक्सबाट बच्न बिफरको खोप

टोकियो, १८ साउन (रासस/सिन्ह्वा) ।

जापानले मङ्कीपक्सबाट बच्न बिफरको खोपलाई अनुमोदन गरेको छ । मङ्कीपक्सविरुद्ध प्रभावकारी मानिने बिफरको खोप प्रयोगलाई स्वीकृति दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

बिफरको खोप मङ्कीपक्सविरुद्ध ८५ प्रतिशत प्रभावकारी हुने विश्वास गरिएको स्वास्थ्य मन्त्रालयका अधिकारीले बताएका छन् । गत महिनाको अन्त्यमा दुईजना आफ्ना नागरिक उक्त रोगबाट पीडित भएपछि सरकारले उक्त खोप प्रयोगको स्वीकृति दिएको हो ।

स्वास्थ्यकर्मी, प्रयोगशालाका कर्मचारी र स्वास्थ्य केन्द्रका कर्मचारीलाई खोप उपलब्ध गराउने वा नगराउने भन्ने विषयमा निर्णय भइनसकेको उक्त मन्त्रालयले बताएको छ । देशमा विफरविरुद्धको खोपको पर्याप्त मौज्दात रहेको पनि उक्त मन्त्रालयले जनाएको छ ।

गत महिना विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले आधिकारिकरूपमा मङ्कीपक्सलाई अन्तरराष्ट्रिय चिन्ताको विषय भन्दै सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको थियो ।

### युक्रेनको आणविक ऊर्जा केन्द्र नियन्त्रण बाहिर, दुर्घटनाको चेतावनी

संयुक्त राष्ट्रसङ्घ, १८ साउन (रासस/एपी) ।

संयुक्त राष्ट्रसङ्घका एक उच्च अधिकारीले युक्रेनस्थित युरोपको सबैभन्दा ठूलो आणविक उर्जा केन्द्र पूर्णरूपमा नियन्त्रण बाहिर रहेको बताउँदै आणविक दुर्घटना रोक्न तत्काल विज्ञलाई केन्द्रको वस्तुस्थिति आकलनका निम्ति भ्रमणको अनुमति दिन युक्रेन र रूसलाई अनुरोध गरेका छन् ।

अन्तरराष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले एसोसिएटेड प्रेससँगका अन्तर्वार्तामा रूसी सेनाले गत मार्चको शुरुमा कब्जा गरेको दक्षिणपूर्वी सहर एनरहोदरको जापोरिझ्झ्या आणविक केन्द्रको अवस्था दिनप्रतिदिन जोखिमपूर्ण हुँदै गइरहेको बताउनुभयो ।

उक्त केन्द्रमा आणविक सुरक्षाका हरेक सिद्धान्त उल्लङ्घन गरिएका बताउँदै उहाँले त्यसले अत्यन्त गम्भीर र खतरनाक परिस्थिति निम्त्याउनसक्ने चेतावनी दिनुभयो । उहाँले केन्द्र नजिकको रूस नियन्त्रित क्षेत्रमा चर्केको भीषण युद्धले आणविक केन्द्रको सुरक्षा जोखिममा परेको बताउनुभयो ।

केन्द्रका उपकरण र पार्टपुर्जाको आपूर्ति शृङ्खला अवरूद्ध भएकाले त्यहाँ रहेका आणविक सामग्री सुरक्षित रहेनरहेको यकिन गर्न निरीक्षण विज्ञद्वारा निरीक्षण अत्यावश्यक भएको उहाँले बताउनुभयो । चेर्नोविल दुर्घटनाजस्तो नहोस् भनेर बेलैमा सचेत हुन अति जरूरी भएकामा उहाँले जोड दिनुभयो ।

आणविक दुर्घटना हुनबाट रोक्न जापोरिज्ज्या केन्द्रको निरीक्षण आवश्यक भएको ग्रोसीको कथन छ । केन्द्रमा पुग्न आफू, आफ्नो टोलीलाई सुरक्षालगायत अन्य आवश्यक व्यवस्था गर्न उहाँले रूस र युक्रेनलाई अपिल पनि गर्नुभएको छ ।

### भारतमा कोरोना संक्रमणमा पुनःवृद्धि

नयाँदिल्ली, १८ साउन (रासस/सिन्ह्वा) ।

बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको सङ्ख्या १७ हजार एक सय ३५ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ ।

देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाख ६७ हजार एक सय ४४ पुगेको छ । गत दुई दिनयता घटेको जस्तो देखिएको कोरोना सङ्क्रमित बुधबार प्रकाशित तथ्याङ्कअनुसार पुनःवृद्धि भएको देखिएको छ । देशभर एक लाख ३७ हजार ५७ जना सक्रिय सङ्क्रमित छन् । यसैगरी १९ हजार आठ सय २३ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३४ लाख ८३ तीन हजार छ सय १० पुगेको छ ।

मंगलबार २४ घण्टाको अवधिमा कोरोना सङ्क्रमणबाट ४७ जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट पाँच लाख २६ हजार चार सय ७७ जनाको मृत्यु भएको छ । महामारी सुरु भएयता ८७ करोड ७६ लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब चार करोड ८४ लाख ३० हजार सात सय ३२ मात्रा खोप लगाइएको छ ।

# लिभर रोग तथा उच्च रक्तचापले पीडित दुई विपन्न परिवारलाई सहयोग

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

लिभर रोग तथा उच्च रक्तचापले पीडित दुई विपन्न परिवारलाई लायन्स क्लब अफ विराटनगर पाथीभाराले बुधवार सहयोग गरेको छ ।

भकस्सप्तरीको रुपनी गाउँपालिका ५ वसविट्टी निवासी ६८ वर्षिया एकल महिला नेवारी देवी खत्वनी र ४५ वर्षिय छोटेलाल खंगलाई लायन्स क्लबले लत्ताकपडा, खाद्यान्न लगायतका राहत सामाग्री सहयोग गरेको हो ।

दैनिक ज्याला मजदुरी गरेर जीवीकोपार्जन गर्दै आएका छोटे लाल लिभर रोगले पिडीत भएका छन भने एकल महिला नेवारी देवी उच्चरक्तचाप र मधुमेह रोगबाट ग्रसित छिन ।

विरामी भएकै कारण ज्याला मजदुरी गर्ने काम रोकिए पछि हात मुख जोडने समस्यामा परेको खबर आएपछि प्रारम्भीक राहत स्वरुप उक्त सहयोग प्रदान गरिएको लायन्स क्लब अफ विराटनगर पाथीभाराले जनाएको छ ।

लायन्स क्लबकी सर्भिस चेयर पर्सन प्रिजा श्रेष्ठ, समाजसेवी एवं संचारकर्मी रक्षा चौधरी, युवा अभियन्ता देव नारायण खंग लगायतको टोली उनीहरुको घर मै पुगी २ महिनाका लागी पुग्ने गरी चामल, दाल, नुन, खाने तेल, भुजाका साथै लत्ताकपडा प्रदान गरेका हुन् ।




# थप ९ सय १५ जनामा संक्रमण पुष्टि

काठमाडौं, १८ साउन (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा नौ सय १५ मा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय छ हजार दुईको परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो ।

हालसम्म नेपालमा ११ लाख ३१ हजार आठ सय ५३ मा कोरोना भाइरस पुष्टि भएको छ । पछिल्लो समय थप तीन सय एक संक्रमणमुक्त भएसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ७० हजार नौ सय २६ पुगेको छ ।

नेपालमा यस संक्रमणबाट हालसम्म मृत्यु हुनेको संख्या ११ हजार नौ सय ६८ पुगेको छ । त्यसैगरी पछिल्लो समय ५५ हजार पाँच सय ५९ ले खोप लगाइसकेका छन् । हाल सक्रिय संक्रमितको संख्या पाँच हजार चार सय ३३ पुगेको छ । होम आइसोलेसनमा पाँच हजार दुई सय ७५, संस्थागत आइसोलेसनमा एक सय ५८ आइसियुमा ४३ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ ।


अब हामी
२४ औं वर्षमा
२०७९ श्रावण १९

संस्था स्थापना कालदेखि सफलतापुर्वक २४ औं वर्ष सम्म यहाँहरुले दिनु भएको साथ सहयोग र शुभेच्छा प्रति कृतज्ञ छौ । विगतमा भैं अगामी दिनहरुमा समेत यहाँहरुको अलौकिक सदिच्छाको अविरल आशा सहित सहकारी मुल्य, मान्यता र आर्दश अनुरुप संस्थाको सेवा, सुविधा अनि गुणस्तरियता र विश्वसनियतामा पुर्ण सचेत भई तपाईहरु संग सदैव सेवामा समर्पित हुने प्रण गर्दछौ ।

आईडियल सहकारी संस्था लिमिटेड
Ideal Cooperative Society Limited

केन्द्रीय कार्यालय: राजविराज-४, सप्तरी
फोन: ०३१-५३१३९९, ५३३८०६,
फ्याक्स: ०३१-५३३५५२
Email: idealcooperativerjb@gmail.com


# महँगी तथा भ्रष्टाचार विरुद्ध र्‍याली




**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

नेकपा (एमाले) सप्तरीको जनसंगठन समन्वय संयन्त्र समितिको आयोजनामा बुधबार राजविराजमा महँगी तथा भ्रष्टाचार विरुद्ध बृहत र्‍याली निकालिएको छ ।

पार्टी कार्यालय मदननगरबाट निकालिएको र्‍याली नगरपरिक्रमा पश्चात् पानी ट्याङ्की मोडमा कोणसभामा परिणत भएको थियो ।

समितिका अध्यक्ष दुर्गानन्द ठाकुरको नेतृत्वमा निकालिएको र्‍यालीमा पार्टीका नेता, विभिन्न भातृ संगठनका नेता कार्यकर्ता लगायतको सहभागिता रहेको थियो ।

## सूचना ! सूचना ! सूचना

माँ बैष्णवी काली सेवा समितिको मिति २०७९/०४/०४ को निर्णय अनुसार यहि मिति २०७९/०४/२१ गते शनिवार बिहान १०:३० देखी साधारण सभा हूने भएकोले सम्पूर्ण आजिवन सदस्यहरुलाई निम्न स्थानमा उपस्थितिको लागि विनम्र आग्रह छ ।

**स्थान**
होटेल आई गार्डेनको
सभा हल, राजविराज

**भवदीय**
मनोज कुमार मुन्धडा
अध्यक्ष तथा
माँ बैष्णवी सेवा समिति परिवार
राजविराज, सप्तरी


सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी टयांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*